कनकाई नगरपालिकाद्वारा प्रकाशित

# कनकाई राजपत्र

खण्डः १ सङ्ख्याः २४ प्रकाशन मितिः २०७६/१२/२८

कार्यपालिकावाट स्वीकृत मिति २०७६/०४/२८

## भाग - २

## कनकाई नगर हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०७६

### प्रस्तावना

कनकाई नगरपालिकाको क्षेत्र भित्र स्थापित भई संचालनमा रहेका बजार क्षेत्र र स्थानीय कृषि उत्पादन व्यवसायको प्रवर्द्धन एवं व्यवस्थापन गर्न एवम् व्यवसायी बीच आपसी सम्बन्ध सुदृढ तथा करारको माध्यमबाट व्यवसाय गर्न बजार उन्मुख क्षेत्रका बजार व्यवस्थाप समिति (संचालन तथा गठन) गर्न वान्छनीय भएकाले कनकाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७४ ले दिईएको अधिकार प्रयोग गरी कनकाई नगरकार्यपालिकाबाट निर्णय गरी यो कार्यविधि बनाएको छ ।

कनकाई राजपत्र

## परिच्छेद १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "कनकाई नगर हाट बजार संचालन तथा व्यवस्थापन कार्यविधि २०७६" रहने छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ।

२. **परिभाषाः** बिषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) "नगर प्रमुख" भन्नाले कनकाई नगरपालिकाको प्रमुखलाई सम्झनुपर्छ ।

(ख) "बजार" भन्नाले व्यवस्थित तथा स्थायी रुपमा सेवा तथा वस्तुहरुको कारोवार गर्ने दर्तावाला व्यवसाय गर्ने क्षेत्र सम्झनु पर्छ ।

(ग) "हाट बजार " भन्नाले कृषि उपज लगायत अन्य स्थानीय उत्पादन विक्री गर्ने उद्धेश्यले संचालन भएको हाट बजार जो साप्ताहिक वा नियमित बजारलाई सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले कनकाई नगरपालिका नगर कार्यपालिका सम्झनु पर्छ।

(ङ) व्यवसायी" भन्नाले नियमित वा अस्थाई रुपमा समान बेचविखन गर्ने व्यक्ति वा संघ संस्थालाई जनाउँछ ।

(च) "वडा" भन्नाले कनकाई नगरपालिकाको कुनै वडा सम्झनुपर्छ ।

(छ) "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठन भएको समितिलाई सम्झनु पर्छ ।

## परिच्छेद २

## बजार सम्बन्धी व्यवस्था

३. **<u>बजारको स्थापनाः</u>** (१) कनकाई नगरपालिकाको आफ्नो क्षेत्रभित्र स्थापित बजार बाहेक कुनै पनि स्थानमा अस्थाई बजारकव स्थापना वा घोषणा गर्न सक्नेछ ।



कनकाई नगरपत्र

२. कृष सम्बन्धी सहकारी वा कृषि सम्बन्धी व्वसायिक संस्थाले नगरपालिकाले तोकेको क्षेत्र भन्दा बाहिर कृषि बजार वा कृषि कारोवार गर्न चाहेमा नगरपालिकाको सिफारिषमा कृषि बजारको स्थापना गर्न सक्नेछ ।

४. **बजारको वर्गीकरणः** (१) यस कार्यविधिकव दफा ३ बमोजिम स्थापना हुने बजारको वर्गीकरण देहाय बमोजिमको हुनेछः-

(क) थोक बजार,

(ख) खुद्रा बजार,

(ग) हाट बजार,

(घ) संकलन केन्द्र।

(२) उपदफा (१) बमोजिमको बजार सञ्चालन वापत लाग्ने शुल्क नगरपालिकाले तोके बमोजिम हुनेछ ।

(३) बजार सञ्चालन सम्वन्धी अन्य व्यवस्था कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

५. **स्थानीय बजार सञ्चालन तथा व्यवस्थापन समिति गठनः** (१) यस कार्यविधिको दफा (३) बमोजिम स्थापना भएको बजारको सञ्चालन तथा व्यवस्थापन गर्नको लागि देहाय बमोजिमको ७ देखि १३ सदस्यीय बजार व्यवस्थापन समिति रहनेछ । कार्यपालिकाको निर्णय अनुरुप सम्वन्धित वडाले सरोकारवालाहरुको भेला गरी सके सम्म सर्वसम्मत रुपले बजार व्यवस्थापन समिति गठन गर्नुपर्नेछ । सर्वसम्मत समिति गठनको लागि तोकिएको समयावधि भित्र पटक पटक वडाले प्रयास गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम पटक पटक प्रयास गर्दा पनि सर्वसम्मत समिति गठन हुन नसकेमा कार्यपालिकाले बजार व्यवस्थापन समितिकव गठन गरी कार्य संचालन गर्नेछ।

(३) बजार संचालन तथा व्यवस्थापन समिति तपशिल अनुसार गठन हुनेछः

(क) अध्यक्ष १

(ख) उपाध्यक्ष १

(ग) सचिव १

(घ) सह सचिव १

(ङ) कोषाध्यक्ष १

(च) सदस्य ४

(छ) सम्बन्धीत वडा समितिले मनोनयन गरेको स्थानीय व्यवसायी मध्ये २ जना — सदस्य

२. नगर कार्यपालिकाले सम्बन्धित क्षेत्रको विशेषज्ञ व्यक्ति मध्ये २ जना मनोनयन गर्न सक्नेछ । उल्लेखित समितिमा अध्यक्ष सचिव कोषाध्यक्ष मध्ये कुनै एक पदमा महिला सकित कुल संख्याको ३३% महिला हुनेछन् ।

३. समितिको बैठक सम्बन्धि अन्य कार्यविधि समित आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

४.समितिले उद्धेश्य प्राप्ति तथा कार्यान्वयन गर्न आवश्यकता तथा कामको अवस्था र प्रकृति हेरी आमन्त्रित रुपमा सल्लाहकारहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ र आवश्यकता अनुसार उप- समिति गठन गर्न सक्नेछ ।

५. समितिको कार्यालय सम्बन्धित बजार क्षेत्र नै रहनेछ ।

६. समितिको कार्यकाल ३ (तीन) बर्षको हुनेछ ।



कनकाई राजपत्र

७. यो कार्यविधि नगरपालिकाबाट स्वीकृत भएपछि स्वीकृत भएको मिति देखि तीन महिना भित्र नगर भित्रका बजारहरुमा बजार व्यवस्थापन समिति गठन गरिसक्नु पर्नेछ ।

७. **<u>समितिको काम कर्तव्य र अधिकारः</u>** यस कार्यविधिमा अन्यत्र व्यवस्था भए देखि वाहेक समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय स्तरमा व्यवसाय प्रवर्द्धन गर्न आवश्यक नीति तथा योजना तर्जुमा गर्ने,

(ख) व्यवसाय प्रवर्द्धन गर्न नगरपालिका सँग समन्वय र सहकार्य गर्ने,

(ग) व्यवसाय प्रवर्द्धन गर्न नगरपालिका सँग समन्वय र सहकार्य गर्ने,

(घ) व्यवसायको प्रवर्द्धन गर्ने सम्बन्धमा कार्यक्रम संचालन गर्ने,

(ङ) व्यवसायको प्रवर्द्धन गर्न आवश्यक पर्ने सीप प्रविधि तथा अन्य आवश्यक विषयको उचित व्यवस्थापन गर्न प्रवर्द्धनात्मक कार्यहरु गर्ने,

(च) तोकिए बमोजिमको अन्य आवश्यक कार्य गर्ने ।

(छ) बजार व्यवस्थापन समितिले बजारको चौहदी तोकी नक्साङकन बर्गीकरण गरी बजार व्यवस्थापनका आवश्यक कार्यहरु गर्ने ।

८. **<u>व्यवसायिक करार गर्न सकिने:</u>** (१)यस कार्यविधि बमोजिम व्यवसायकव प्रवर्द्धन गर्न कार्यपालिकाको स्वीकृति लिई वा दुई भन्दा बढी पक्ष बीच व्यवसायिक करार गर्नसकिनेछ ।

९. **जग्गा तथा भौतिक साधन उपलब्ध गराउन सकिनेः** कुनै व्यक्ति संस्था वा निकायले व्यवसाय गर्ने प्रयोजनका लागि व्यक्ति फार्म वा व्यवसायी समुह मिलेर बनेको समिति सहकारीलाई बजार क्षेत्रको जग्गा तथा भौतिक सम्पति करार उपलब्ध गराउन सक्नेछ ।

१०. **स्वामित्व हस्तान्तरण नहुनेः** यस कार्यविधिको दफा १५ बमोजिम कुनै जग्गा वा भौतिक साधन उपलब्ध गराएको अवस्थामा करार गरेको वा लिजमा लिएको कारणले मा१ जग्गा वा भौतिक साधनमा करारका पक्षको स्वामित्व हस्तान्तरण हुने छैन ।

११. **पुनः करार गर्न नहुनेः** यस कार्यविधि बमोजिम करार गर्ने पक्षले दोश्रो पक्षको सहमती नलिइ सोही बिषयमा तेश्रो पक्षसँग पुनः करार गर्न पाउने छैनन् ।

१२. **करार पूरा गर्नु पर्ने समय र तरिकाः** (१) करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख भएकोमा उल्लेखित समय भित्र र उल्लेखित तरिका बमोजिम करार पूरा गर्नु पर्नेछ ।

(२) करार बमोजिमको काम गर्न करारमा कुनै समय वा तरिका तोकिएको रहनेछ तर सो काम कुनै खास समयमा वा कुनै खास तरिकाले मात्र गर्न सकिने रहेछ भने सोही समयमा सोही तरिका बमोजिम गर्ने गरी करार भएको मानिनेछ ।

(३) उपदफा (२) मा लेखिएको अवस्थामा बाहेक करारमा करार पूरा गर्ने समय र तरिका उल्लेख नभएमा उचित समय भित्र उपयुक्त तरिका अपनाई पूरा गर्नु पर्नेछ ।

(१३) **करार पूरा गर्ने स्थानः** (१) करार बमोजिम काम पूरा गर्न कुनै निश्चित स्थान तोकिएको रहेछ भने सो काम सोही स्थानमा पूरा गर्नु पर्नेछ ।



कनकाई

(२) करार बमोजिम कुनै एक पक्षले अर्को पक्षलाई कुनै मालसामान दिने वा बुझाउने स्थान काररमा तोकिएको रहेछ भने सोही स्थानमा नै दिनु वा बुझाउनु पर्नेछ ।

(३) करार बमोजिम काम गर्ने निश्चित स्थान नतोकिएको तर सो काम कुनै खास स्थानमा मात्र गर्न सकिने वा चलन व्यवहार वा सव कामको प्रकृति अनुसार कुनै खास स्थानमा मात्र गर्ने पर्ने किसिमको रहेछ भने सो काम सोही स्थानमा गर्ने गरी करार भएको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा लेखिए देखी बाहेक अन्य अवस्थामा करार बमोजिम काम गर्ने स्थान करारमा उल्लेख भएको रहेनछ भने करार बमोजिम काम गर्ने पक्षले अर्को पक्षलाई मनासिब माफिको स्थान तोकिदिन सूचना गर्नु पर्नेछ र अर्को पक्षले पनि सो काम गर्न मनासिब माफिकको स्थान तोकिदिनु पर्नेछ ।

१४. **करार पूरा गर्नु नपर्ने अवस्थाः** देहायका अवस्थामा करार बमोजिम काम गर्न आवश्यक पर्ने छैन।

(१) करारको एक पक्षले अर्को पक्षालाई करार बमोजिमको दायित्व पूरा गर्नु नपर्ने गरी छुट दिएमा ।

(२) बदर गराउन सकिने करार बदर गराउन पाउने पक्षले बदर गराएमा ।

(३) अर्को पक्षले करार उल्लंघन गरेको कारणबाट करारको परिपालना हुन नसक्ने भएमा ।

(४) यस कार्य विधिको कुनै व्यवस्था बमोजिम करार बमोजिमको काम गर्नु नपर्ने भएमा ।

(५) करार गर्दाको परिस्थितीमा आधारभूत परिवर्तन भै करारको परिपालना गर्न असम्भव भएमा ।

१५. **करार दर्ता गर्नु पर्नेः** (१) यस कार्य विधि अन्तर्गत सम्पन्न गरिएका कराहरु सम्झौता भएको मितिले पैंतिस दिन भित्र सम्बन्धित वडा कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम करार दर्ता गर्दा तोकए बमोजिमको दस्तुर लाग्नेछ।

(३) दर्ता नगरिएको करारको आधारमा नेपाल सरकार वा अन्य निकायले दिने सुविधा वा सहुलियत दिने प्रयोजनको लागि मान्यता प्राप्त गर्ने छैन ।

(४) उपदफा (१) बमोजिम भएको करारको आधिकारिक प्रति वडा कार्यालयको तोकिएको अधिकारले अनिवार्य रुपले राख्नु पर्नेछ ।

(५) उपदफा (१) बमोजिमको करार दर्ता गर्न दुवै पक्षहरु स्वयम् वा उनीहरुको कानुन बमोजिमको प्रतिनिधि उपस्थित हुनु पर्नेछ ।

(६) कुनै व्यवसायीले करार दर्ता गर्न ल्याएकोमा दर्ता गर्ने अधिकारीले यस ऐन बमोजिम उल्लेख हुनपर्ने कुनै कुरा उल्लेख नभएको वा अनुचित प्रावधान उल्लेख भएकोमा सो परिमार्जन गरेर मात्र दर्ता गर्न आदेश दिन सक्नेछ ।

(७) उपदफा (६) बमोजिम दिइएको आदेश करारका पक्षहरुले पालना गर्नु पर्नेछ ।

## परिच्छेद ३

## विविध

१६. **व्यवसाय दर्ता गर्नु पर्नेः** (१) करार गरी व्यवसाय सञ्चालन गर्न चाहने व्यक्ति फर्म वा एजेण्ड लगायतले दर्ता नगरी व्यवसाय सञ्चालन गर्नु हुदैन ।

(२) उपदफा (१) बमोजिमको व्यवसायको दर्ता प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

निजले अधिकृतस्तरको कुनै कर्मचारीलाई आवश्यकता अनुसार यस्तो करार दर्ता गर्ने अधिकार प्रत्यायोजन गर्न सक्नेछ ।

(३) व्यवसाय करार दर्ता तथा शुल्क लगायतका अन्य व्यवस्था कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ ।

१७. **बचाउः** यस कार्य विधिमा जे लेखिएता पनि नेपालको प्रचलित ऐन नियम सँग बाझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

१८. **खारेजीः** यस नगर क्षेत्र भित्रका बजारहरुमा यस अघि गठन भएका बजार व्यवस्थापन समितिहरु यो कार्यविधि स्वीकृत भएपछि स्वतः खारेज भएको मानिनेछ ।

आज्ञाले
रुद्रप्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

कनकाई राजपत्र